**जाडोको समयमा चीसोबाट बचौं**
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चीसोमा प्रातःभ्रमण नगरौं,
- चीसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० माघ २१ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 February 04 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १५६

## मिसन ८४ हरुवाहरूको लागि हो–महामन्त्री थापा

प्रस, वीरगंज, २० माघ/
नेकाका महामन्त्री एवं सांसद गगन थापाले मिसन ८४ ले आममानिसमा भ्रम सिर्जना गराएको बताएका छन्। शनिवार 'समुदायमा जाऔं, नागरिकका कुरा सुनौं' कार्यक्रम अन्तर्गत नेका पर्सले पार्टी कार्यालयमा आयोजना गरेको कार्यक्रममा बोल्दै महामन्त्री थापाले मिसन ८४ अघि तीन वर्षमा पनि धेरै कुरा गर्नुपर्ने बताए। उनले मिसन ८४ भनेर तीन वर्ष चुप बस्ने सवाल आउँदैन, त्यो त हरुवाहरूको लागि कुरुवा-मन्त्र हो। हामी जितेकाहरूले अहिलेदेखि त्यतिखेरसम्म काम गरेर देखाउनुपर्ने अवसरमा भएको उनले बताए। उनले हुलाकी सडकखण्डको अहिलेसम्मको यात्रामा मधेसका मानिसको प्रमुख समस्या सिंचाइ, मलखाद, शिक्षा, स्वास्थ्य र पूर्वाधार विकास रहेको बताए। आफूसहित अभियानमा लागेकाहरूले हुलाकी सडक यात्रापछि आम मानिसको चाहना के हो, उनीहरूले काङ्ग्रेससँग राखेका अपेक्षहरू के हुन भन्नेबारे पार्टीमा कुरा राखेर सोको



तस्वीर:प्रतीक

समाधानका लागि पहल गर्ने आश्वासन दिए।

नेका पर्साका सभापति जनार्दन सिंह क्षत्रीको अध्यक्षतामा भएको कार्यक्रममा राधेश्याम चौरसिया, प्रेमचन्द दुबे, रामनिवास यादव, हबीब मियाँ, ताज अन्सारी, कोपिला कँडेललगायतले पर्सा जिल्लावासीले भोग्दै आएका सिंचाइ, मलखाद, स्वास्थ्य र शिक्षा क्षेत्रका समस्या, पार्टीका जिम्मेवार नेताहरू र गठबन्धनमा रहेर गलत गरी नेकालाई पनि बदनाम गर्नेहरूबारे गुनासाहरू राखेका थिए। कार्यक्रममा केन्द्रीय सदस्य एवं सांसद अजय चौरसिया, संविधान सभासदस्य अनिल रुँगटा, सहमहामन्त्रीद्वय बद्री पाण्डे, जीवन परियार, सांसद प्रतिमा गौतम, उपप्रमुख इम्तियाज आलम, दिलीपराज कार्कीलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण गापाध्यक्ष दिनेश चौधरीले गरेका थिए। महामन्त्री थापाले शनिवार बिहान वीरगंज उद्योग वाणिज्य सङ्घका पदाधिकारी, सदस्यहरूसँग पनि उद्योग व्यापारका समस्याबारे छलफल गरेका थिए। उनी आजै पोखरिया नगरपालिका र ठोरी गापाको कार्यक्रममा सहभागी हुने कार्यक्रम छ। यस अघि हिजो राति कलैयामा महामन्त्री थापाले स्थानीय नेता, कार्यकर्ताहरूसंग संवाद गरेका थिए।

यस अघि महामन्त्री थापाले आज बिहान वीरगंज उद्योग वाणिज्य सङ्घले आयोजना गरेको भेटघाट कार्यक्रममा उद्योग, व्यापार, कृषि विकासबाट मात्रै मुलुकको आर्थिक समृन्नति हुने कुरामा नेपाली काङ्ग्रेसले आफ्नो भूमिका केन्द्रित गर्दै आइरहेको बताएका थिए।

उनले मुलुकमा आयातको व्याप्त निराशा चिर्न आफू मेची-महाकाली यात्रामा रहेको बताए। उनले हाल देखिएका आर्थिक गतिहीनता, बढ्दो भ्रष्टाचार, सर्वसाधारणले पाउने सेवा सुविधामा ढिलासुस्तीलाई कसरी सहज बनाउने भनी पार्टीले गम्भीर गृहकार्य गरिरहेको बताए।

उनले अब आउने बजेटलाई कसरी उन्नत बनाउने, त्यसका लागि निजी क्षेत्रहरूको सुझाव सल्लाह अत्यन्तै महत्त्वपूर्ण हुने भएकोले विभिन्न क्षेत्रबाट आएका विषयगत उद्योग, व्यापार, कृषि, पर्यटन, स्वास्थ्य, शिक्षालगायत क्षेत्रमा बजेट विनियोजन प्रक्रिया हिजो अस्तिको परम्परागत भन्दा फरक र सन्तुलित हुने बताए।

सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले मुलुक आर्थिक दृष्टिकोणले अत्यन्तै जटिल मोडमा रहेको र आर्थिक वृद्धि दर २ देखि ३ प्रतिशतको हाराहारीमा सीमित रहेको बताए। मुलुकको प्रमुख औद्योगिक करिडरहरू वीरगंज, विराटनगर, भैरहवामा अघोषित लोडसेडिङले उद्योगहरू क्षमताको २० देखि २५ प्रतिशतमा मात्र सञ्चालन भइरहेको जानकारी गराएका थिए।

नेपाल उद्योग वाणिज्य सङ्घका सदस्य सुबोध गुप्ताले वीरगंज क्षेत्रले राष्ट्रिय राजस्वमा झण्डै ५० प्रतिशत योगदान दिइरहेको तर यस क्षेत्रको आर्थिक महत्त्व र सामर्थ्यलाई राज्यले प्राथमिकतामा नलिएको गुनासो पोखे। उनले नेपाली निजी क्षेत्रको आवाज अहिलेसम्म सिंहदरबारले सुनेजस्तो गरेपनि कार्यान्वयन तहमा खासै प्रगति नहुने गरेको बताए।

कार्यक्रममा वरिष्ठ उपाध्यक्ष हरिप्रसाद गौतम, उपाध्यक्ष माधवराज पाल, नेपाल औषधी व्यवसायी सङ्घका केन्द्रीय अध्यक्ष प्रकाश खण्डेलवालले देशको आर्थिक विकासका लागि अवलम्बन गर्नुपर्ने उदार आर्थिक ऐन, कानून, नीति, नियम बनाउँदा निजी क्षेत्रको सुझाव र सल्लाह अनुसार नभइरहेको र निजी क्षेत्रले लगानी गर्ने विषयगत क्षेत्रहरू अझै पनि स्पष्ट हुन नसकेको जिकीर गरे।

कार्यक्रममा नेकाका केन्द्रीय सदस्य एवं सांसद अजय चौरसिया, मधेस प्रदेशका पूर्वमन्त्री ओमप्रकाश शर्मा, संविधानसभा सदस्य अनिल रुँगटा, नेका पर्साका सभापति जनार्दन सिंह क्षत्रीलगायतको उपस्थिति थियो।

## ठोरीलाई समृद्ध बनाउने कार्य गर्छु –महामन्त्री थापा

प्रस, ठोरी, माघ २०/
नेपाली काङ्ग्रेसका महामन्त्री गगन कुमार थापाले ठोरीलाई समृद्ध बनाउन



तस्वीर: प्रतीक

आफूले कार्य थालनी गर्ने बताएका छन्। समुदायमा काङ्ग्रेस अभियान अन्तर्गत संवाद यात्रालाई ठोरी-२ गणेशमान पार्कमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै काङ्ग्रेस महामन्त्री थापाले उक्त कुरा बताएका हुन्।

नेपाली काङ्ग्रेस ठोरीका सभापति सन्तोष श्रेष्ठको सभापतित्वमा आयोजित कार्यक्रमका प्रमुख अतिथिसमेत रहेका प्रतिनिधिसभा सदस्य थापाले ठोरीलाई समृद्ध बनाउन ठोरी छोटी भन्सारको अविलम्ब स्तरोन्नति गराउन आफ्नो पहल हुने, अधुरो हुलाकी सडक पूरा गर्न र जनजीविकाको पक्षमा सम्बन्धित मन्त्री र सरोकारवालासँग समन्वय गरी जनताले महसुस हुने गरी अविलम्ब कार्य थालनी गर्ने प्रतिबद्धतासमेत जनाए।

ठोरीलाई वन्यजन्तु पर्यटकीय क्षेत्र घोषणा गराई वन्यजन्तुबाट ठोरीलाई समृद्धिको यात्रामा लैजाने प्रतिबद्धतासमेत व्यक्त गरे। व्यवस्था बदलिए पनि अवस्था नबदलिएको बताउँदै काङ्ग्रेसले समुदायमा काँग्रेस अभियान सञ्चालन गरी सर्वोच्च नेता गणेशमान सिंहको भूमिमा आउन पाएकोमा र यहाँका नागरिकको समस्या जानकारी लिन पाएकोमा छुट्टै अनुभूति भएको काङ्ग्रेस महामन्त्री थापाले बताए। ठोरीको समग्र समस्याको समाधान गराउन कटिबद्ध रहेको उनले बताए। कार्यक्रममा गत असोजमा काठमाडौं केन्द्रित शैक्षिक आन्दोलनको क्रममा घाइते भएकी एकमात्र शिक्षक सन्जिता खत्रीलाई नेपाली काङ्ग्रेसले दोसल्ला ओढाई सम्मानपत्रद्वारा सम्मान गरिएको नेपाली काङ्ग्रेस ठोरीका सभापति सन्तोष श्रेष्ठले जानकारी दिए।

उक्त कार्यक्रममा नेपाल शिक्षक महासङ्घ ठोरीले सरकार र शिक्षक कर्मचारीबीच भएका विभिन्न सम्झौता कार्यान्वयन गर्न ध्यानाकर्षण पत्रसमेत बुझाएको थियो।

त्यस्तै नेपाली काङ्ग्रेसले पनि ठोरीवासीको भावना अनुरूप माग प्रस्तुत गर्दै महामन्त्री थापालाई ध्यानाकर्षणपत्र बुझाएको छ। कार्यक्रममा उपस्थित ठोरीवासीले उठाएको प्रश्नको जवाफ

(बाँकी तेस्रो पातामा)

## जानकीटोला-तुलसीबर्वा-मिर्जापुर सडक निर्माणमा अवरोध

राधेश्याम पटेल,परवानीपुर,२० माघ/
ग्रामीण भेगको जानकीटोला-तुलसीबर्वा-मिर्जापुर झलमहिया


तस्वीर: प्रतीक

सडकखण्ड निर्माण कार्यमा स्थानीयले अवरोध सृजना गरेका छन्। सो रुटको असवारी, तुलसीबर्वा गाउँमा अवरोध सृजना भइरहेको ठेकेदार कम्पनीले जनाएको छ। सडकमा माटो पुरी, ग्राभेल र त्यसपछि स्फाल्ट गर्ने योजना अनुसार काम भइरहेको छ। तर अवरोध भएको ठाउँमा गाउँलेले साइट क्लियर गर्न नमानेको ठेकेदार पक्षले जनाएको छ।

ठेकेदार कम्पनी इशान्त/छठिया/सन्तोष जेभीका अधिकारप्राप्त जेभी पार्टनर सन्तोष पटेलका अनुसार काम शुरू गरेको ५ महिना भइसक्दा पनि ती ठाउँमा साइट क्लियर हुन सक्दा काममा ढिलाइ भइरहेको बताए। उनले सो क्षेत्रमा साइट क्लियर गर्न स्थानीय सरोकारवालाहरू अग्रसर हुनुपर्ने कुरामा जोड दिए। जानकीटोला-असवारी-हरिहरपुर-धोबिनी-तुलसीबर्वा-मिर्जापुर-झलमहिया सडकखण्डको साढे १३ किलोमिटर लामो उक्त सडकमा ८ मिटर चौडाइमा माटो पुर्ने, ७ मिटर चौडाइमा ग्राभेल हाल्ने र ६ मिटर चौडाइमा स्फाल्ट गर्ने योजना छ।

पर्साको अति नै दुर्गम क्षेत्रको रूपमा सो क्षेत्र परिचित छ। पर्सा क्षेत्र नं ४ (२) का जसपाबाट निर्वाचित प्रदेश सांसद एवं मधेस प्रदेश सरकारका खानेपानीमन्त्री सिंगासन साह कलवारको पहलमा उक्त सडक कालोपत्रे गर्ने ठेक्का अघि बढेको थियो। २०७९/०८० को प्रदेश सरकारको सशर्त अनुदानबाट २८ करोड लगत-इस्टिमेट रहेको उक्त सडकको ठेक्का २४ करोड ८५ लाखमा इशान्त/छठिया/सन्तोष जेभीले पाएको थियो। २४ महिना अर्थात् २०८२ असार १० गतेसम्म काम पूरा गर्नुपर्ने उक्त योजनामा विगत ५ महिनादेखि काम शुरू भएको छ भने हालसम्म उक्त योजनाको भौतिक प्रगति १५ प्रतिशत र वित्तीय प्रगाति १० प्रतिशत मात्र भएको बुझिएको छ। उक्त योजनामा १२ सय घनमिटरको इटाको नाला र कलभर्टको काम पनि गर्नुपर्नेछ।

## चारलाख जाली नोटसहित चारजना पक्राउ

राजेश केसरीवाल, रक्सौल, २० माघ/
सीमावर्ती रक्सौलमा चार लाखको जाली नोट बनाउने प्रिन्टर र कागज पनि बरामद भएको जानकारी गराएका


तस्वीर: प्रतीक

जाली नोटसहित चारजना पक्राउ परेका छन्। रक्सौलका एसडिपिओ धर्मेन्द्र कुमारले सूचनाको आधारमा एउटा होटलमा बसेका चारजनालाई जाली नोटसहित पक्राउ गरेको बताए। उनले होटलमा बसेका उनीहरूको कोठाबाट छन्। पक्राउ पर्नेमा भारत नवलपुर सिवानका महम्मद युसुफ, लक्ष्मीपुर निवासी नीरजकुमार, सुरजकुमार गिरी र रविकुमार छन्। उनीहरूबाट भारु सय र दुई सयको चार लाख जाली नोट बरामद भएको बताइएको छ।

## विचारसार र सूक्तिहरू

**जित्नेहरू फरक काम गर्दैनन् उनीहरू त्यही कामलाई भिन्दै ढङ्गले गर्छन् ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# वैज्ञानिक अध्यात्मको सामयिक प्रतिपादन

आज मानव समुदाय यस पृथ्वीमा एकछत्र राज्य गरिरहेको देखिन्छ; किनकि अन्य प्राणीहरूको तुलनामा हामीमा परस्पर सहयोग एवं सहकारको क्षमता कैयौं गुना बढी छ । एउटा हात्तीलाई एकजना मानिसले परास्त गर्न असम्भव होला, तर १५–२० जना मिलेर एउटा रस्साले बाँध्ने काम सहज गर्न सक्छन् । स्पष्ट छ कि मानिसको शक्ति मानवतामा सन्निहित छ ।

**वेदान्त भन्दछ कि हामी भलै मायाको आवरणमा जेलिएका छौं तब पनि हाम्रो आत्यन्तिक अनुभवले हामीलाई यस जालबाट बाहिर निस्कन सतत प्रेरणा दिन्छस किनकि हामी त्यहाँ पनि ती अनुभवहरूको सत्यता अनुभूत गर्छौं ।**

बितेका दिनमा भएका शोधहरूले यस कुरातर्फ सङ्केत गरेका छन् कि मानिसभित्र उपस्थित मानवताको शक्ति यस कारण जन्मन सक्यो; किनकि हामी मिलेर मिथक, रूपक, कथा, गाथाहरूमा विश्वास गर्न सक्छौं । कविका कल्पना हुन् वा चित्रकारका अभिव्यक्ति, नाटककारको नाट्य रूपान्तरण होस् वा सङ्गीतकारको सङ्गीतका तरङ्ग–यी सबैमा यी मिथकहरूको उपस्थितिको एउटा सशक्त प्रमाण हामीलाई अवश्य पाइन्छ । सामान्यरूपले हामी मिथकहरूको उपस्थितिको र त्यस उपस्थितिले हाम्रो जीवनमा पर्ने प्रभावको अनुमान लगाउन सक्दैनौं, तर ध्यान दिनुपर्ने कुरा के हो भने यो प्रभाव निकै बढी हो ।

मानिस काल्पनिक विश्वासका आधारमा युद्ध लड्न तम्तयार हुन्छ, धर्मस्थल निर्माण गरिदिन्छ । काल्पनिक पात्रहरूमा आधारित फिल्महरूले मानिसको जीवनलाई अनवरत प्रभावित गरेको देखिन्छ । काल्पनिक खुशी पाउने दौडमा मानिस बढीभन्दा बढी सामान किनिरहेको देखिन्छ र यस्तो किनभने; टिभीमा निरन्तर देखाइने विज्ञापनले हामीलाई यो भरोसा दिन्छ कि यी सामान र तिनको संरक्षण मानिसको खुशीका आधार हुन् ।

वर्तमान समयमा एउटा यस्तै महत्त्वपूर्ण क्षेत्र एवं विषय वैज्ञानिक मिथकलाई मान्न सकिन्छ । भलै मानिस अन्तरिक्ष विज्ञानबाट अपरिचित होस्, स्पेस प्रविधिको विषयमा र नाभिकीय विज्ञानको विषयमा उसको ज्ञान अल्प वा शून्य नै किन नहोस्, साई–फाई वा वैज्ञानिक मिथकहरूमा आधारित फिल्महरू, जस्तै–म्याट्रिक्स, स्टारवार, टर्मिनेटर, अवतार आदि हेर्दा धेरै त्यही काल्पनिक दुनियाँलाई सत्य मानेर त्यसै आधारमा जीवनको मूल्याङ्कन गर्ने गरेका देखिन्छन् । यसबाट यो पनि सिद्ध हुन्छ कि वैज्ञानिक मिथकहरूको प्रस्तुतीकरणमा केही थप गाम्भीर्य र जिम्मेदारी आवश्यक छ ।

वैज्ञानिक मिथकहरूबाट यति तीव्रताले मानवतालाई नियन्त्रित गर्नुको पछाडि एउटा प्रमुख कारण यो हो कि वर्तमान युग नै वैज्ञानिक प्रगतिको युग हो । त्यसैले यस्ता विषयमा मानिसको काल्पनिक पकड तुरुन्त बन्न पुग्छ । आजको वैज्ञानिक प्रगतिको युगमा एउटा प्रश्न वा यो भनौं कि एउटा चिन्ता, जसले धेरै मानिसलाई व्यथित पारिरहेको देखिन्छ, त्यो हो रोबोट वा मशीनद्वारा यति बुद्धि वा चेतना विकसित होस् कि कहीं तिनले मानिसलाई पददलित गरेर उसमामथि साम्राज्य स्थापित गर्न नपुगून् ?

त्यसैले यस्ता शोधपत्र, आलेख, फिल्महरूको सङ्ख्या बढ्न पुगे, जहाँ विश्वलाई चित्राङ्कन गरिन्छ, जसमा मानिस एउटा साइबर स्पेसमा बन्दी बन्न पुगेको र जे भइरहेको छ, त्यो किन भइरहेको छ भने; किनकि त्यसलाई कुनै अतिविकसित मशीनले एउटा कम्प्युटर एल्गोरिदमको माध्यमले नियन्त्रित गरिरहेको छ ।

यदि ध्यानले हेर्ने हो भने यस चिन्तनको पछाडि जे पनि आधार छ, त्यसले कुनै हदसम्म वैदिक चिन्तन वा वेदान्तिक चिन्तनको मूल जिज्ञासातर्फ नै इशारा गर्दछ । वैज्ञानिक मिथकहरूका अनुसार हामी एउटा यस्तो कृत्रिम वा आभासीय बुलबुलाभित्र बन्द छौं, जसलाई तबमात्र फोड्न सकिन्छ, जब हामीभित्रको मूलस्वरूप जाग्रत हुन्छ । त्यो जाग्रत हुनेबित्तिकै म्याट्रिक्स ट्रिलजीको नायक नियो, त्यो कृत्रिम व्यवस्था भत्काउन सफल हुन्छ । केही यस्तै ट्रुमेन नामक पात्रका साथ पनि हुन्छ ।

यदि वेदान्तको मूल चिन्तनलाई नियाल्ने हो भने वेदान्त पनि यही भन्दछ कि 'ब्रह्म सत्यं जगत् मिथ्या' र 'अहं ब्रह्मास्मि'को बोध हुनेबित्तिकै मायाका यी आवरण खुकुलो हुन थाल्छन् र हाम्रो, हाम्रो मूलस्वरूपको प्रतिष्ठा हुन पुग्छ । वेदान्त भन्दछ कि हामी भलै मायाको आवरणमा जेलिएका छौं तब पनि हाम्रो आत्यन्तिक अनुभवले हामीलाई यस जालबाट बाहिर निस्कन सतत प्रेरणा दिन्छ; किनकि हामी त्यहाँ पनि ती अनुभवहरूको सत्यता अनुभूत गर्छौं ।

यी सबै कथाहरूका पछाडि कहीं गहिरोमा यो भय मानिसको मन व्याप्त भएको देखिन्छ कि वैज्ञानिक प्रगतिले कहीं मानिसको वैयक्तिकता नष्ट नगरिदेओस् । यस्तो सोचको पछाडि मूल कारण के हो भने हामी विज्ञान र अध्यात्मलाई दुई विपरीत धाराको रूपमा देख्दछौं एवं अनुभव गर्दछौं; जबकि सत्य के हो भने यी दुवै एकअर्काका पूरक हुन्–विरोधाभासी होइन । यसै सोचलाई पुष्टि दिंदै गुरु श्रीराम आचार्यले वैज्ञानिक अध्यात्मजस्तो युगान्तकारी चिन्तन प्रदान गरे र त्यसै सोचको आधारमा ब्रह्मवर्चस्व शोध संस्थानजस्तो प्रतिष्ठान स्थापना गरे ।

अध्यात्म र विज्ञान, दुवैको समन्वय गरेर दुवैको शाश्वत स्वरूपको सरल एवं सुबोध प्रस्तुतीकरण एवं प्रमाणीकरण गरेर गुरुदेवले एउटा यस्तो युग पुरुषार्थ सम्पन्न गरेर देखाए, जसको अन्यत्र उदाहरण पाउनु सम्भव नै देखिन्न । यसै सोचलाई केन्द्रमा राखेर उनले कणाद ऋषिको तपस्थली क्षेत्रमा ब्रह्मवर्चस्व शोध संस्थान स्थापना गरे । यस संस्थानमा वैज्ञानिक परीक्षण एवं अनुसन्धानहरूको क्रम सन् १९७९ देखि प्रारम्भ भयो । त्यहाँ दुर्लभ ग्रन्थहरूले सुसज्जित एउटा यस्तो ग्रन्थालय विनिर्मित गरियो, जसमा विश्वभरिबाट विज्ञान र अध्यात्मको समन्वयात्मक प्रतिपादन गर्ने शोध ग्रन्थहरू एवं विशिष्ट पत्रिका–पुस्तकहरूको सङ्कलन गरियो ।

युग–परिवर्तनका नयाँ आयामहरू स्थापित गर्नु, विज्ञानको सहायताले श्रेष्ठताको समर्थन एवं भविष्य निर्माणका लागि सुदृढ आधार तयार गर्नु नै यस शोध संस्थानको उद्देश्य बनाइयो । यस शोध संस्थानलाई गति एवं दिशा प्रदान गर्नका लागि एकसेएक उच्चस्तरीय चिकित्साशास्त्री एवं अन्य विद्याका विशेषज्ञहरू जोडिंदै गए र एउटा विश्वस्तरीय प्रयोगशाला स्थापित हुन पुग्यो, जहाँ गायत्री मन्त्र, यज्ञ, ध्यान आदि विषयमा गम्भीर शोधकार्य सम्पन्न भए ।

# भ्रष्टाचारको आहालमा लगानीको आलाप

सरकारले आगामी वैशाख १६ र १७ गते लगानी सम्मेलन गर्दैछ । यस अघि दुईपटक अयोजन गरिएका यस्ता जमघटमा पर्याप्त प्रतिबद्धता आए पनि लगानी नभित्रिएको तथ्यबीच हुन लागेको लगानीकर्ताको यो आसन्न जमघट कसरी उपलब्धिमूलक होला ? प्रश्न स्वाभाविक छ । लगाानीसँग सरोकार राख्ने थुप्रै नीति र कानूनी प्रावधानमा लगानीकर्ताको असहमति छ । स्वदेशको निजी क्षेत्रले ३ दर्जनजति कानूनमा संशोधन र नयाँ कानूनी व्यवस्थापन हुनुपर्ने सुझाव सरकारलाई दिएको छ । सरकारले लगानी सम्मेलन अघि नै लगानीकर्तालाई आश्वस्त पार्ने तरीकाले कानूनी पूर्वाधार तयार गरिने बताए पनि यति छोटो समयमा यी कानून तयार हुने सम्भवना देखिंदैन । स्वदेशकै लगानीकर्ता सरकारी प्रतिबद्धतामा आश्वस्त हुन नसकेको र कानूनी प्रावधानप्रति सशंकित रहँदा बाहिरका लगानीकर्ता आउन तत्पर नहुनु अस्वाभाविक होइन ।

कुनै पनि नीति र कानूनी स्थायित्वसँगै शासकको वैचारिक प्रवृत्ति र सुशासनको अवस्था लगानीकर्ताले हेर्ने मुख्य सरकोकार हुन् । देशको कार्यकारी प्रमुखको रूपमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आर्थिक उदारीकरण र निजीकरणले अर्थतन्त्रलाई समस्यामा पारेको अभिव्यक्ति दिएका छन् । यो अभिव्यक्ति त्यति बेला आएको छ, जब सरकारले बन्द उद्योगहरू नेपाली सेनालाई चलाउन दिने गृहकार्य गरिरहेको छ । सेनालाई उद्योग र व्यापारमा ल्याउनु उचित हो कि होइन ? यो विषय नै आफैंमा विरोधाभासले भरिएको छ । यो तयारीका सन्दर्भमा आएको प्रधानमन्त्रीको अभिव्यक्तिले सरकार निजी क्षेत्रप्रति सकारात्मक छैन भन्ने सन्देश दिएको छ । जहाँ निजी क्षेत्रलाई हेर्ने सरकारी दृष्टिकोण अनुदार छ, त्यहाँ लगानीकर्ता आउँदैनन् ।

आज विश्वले गरेको विकास विश्वव्यापीकरण र आर्थिक उदारीकरणको उपज हो । कम्युनिस्ट विचार सिद्धान्ततः निजी क्षेत्र र बजार अर्थतन्त्रप्रति अनुदार हुन्छ । नेकपा माओवादी केन्द्रको अगुवाको हैसियततमा प्रचण्डले यो कुरा बोलेको भए खासै अर्थ राख्ने थिएन । तर, नेपाली सेनालाई उद्योग चालाउन दिनेबारे भइरहेको छलफलका क्रममा आएको प्रधानमन्त्रीको यो अभिव्यक्तिले लगानीकर्तामा सकारात्मक सन्देश जाँदैन । प्रधानमन्त्रीको हैसियतमा उनको अभिव्यक्तिले लगानीकर्ताको मनोविज्ञानलाई प्रभावित पार्छ ।

**समयान्तर**



**ओमप्रकाश खनाल**
omkhanal@gmail.com

**अघिल्ला दुईवटा सम्मेलनमा खबौं रुपियाँको प्रतिबद्धता आयो, तर लगानी अर्बमा सीमित भयो, किन ? लगानीकर्ताका लागि सरकारी प्रतिबद्धतामात्र पर्याप्त हुँदैन, कानूनी प्रत्याभूति चाहिन्छ । सरकारले यसमा लगानीकर्तालाई आश्वस्त पार्न सकेन ।**

विश्वका कुनै पनि कम्युनिस्ट देश, जहाँ अर्थतन्त्रलाई सरकारले नियन्त्रणमा राखेको छ ती असफल भएका छन् । चीनको सत्ता वैचारिकरूपमा अनुदार भए पनि त्यहाँको सरकारले अर्थनीति उदार बनाएको छ । भारतले अर्थतन्त्रलाई खुला बजारसँग समाहित गरेपछि आज विश्वको आर्थिक शक्तिको होडमा अगाडि आउन सकेको हो । निजी क्षेत्रप्रति अनुदार कुनै पनि देश आर्थिकरूपमा उँभो लागेको उदाहरण छैन । सरकार र सरकारी निकायले हात हालेका व्यापारिक उपक्रम सफल भएको उदाहरण हामीकहाँ पनि छैन । एकाधिकार लिएर बसेका नेपाल आयल निगम र विद्युत् प्राधिकरणको सेवा प्रवाहमा मनपरी जगजाहेर हुन बाँकी छैन । सरकार एकातिर लगानी आएन भनेर सम्मेलनको तरखर गर्ने, त्यही सरकारका प्रधानमन्त्री निजी क्षेत्रप्रति अनुदार अभिव्यक्ति दिंदै हिंड्ने हो भने लगानी सम्मेलन कर्मकाण्डबाहेक अरू केही हुँदैन ।

पञ्चायतकालमा उद्योगधन्धा र व्यापार सरकारको कब्जामा थियो । त्यसबेला सरकारले चलाएका कुनै पनि उद्योग व्यापार अहिले सही हालतमा छैनन् । २०४६ सालको राजनीतिक परिवर्तनपछि लिइएको उदारीकरणकै जगमा अहिलेका औद्योगिक र व्यापारिक उपक्रमहरूको विकास भएको हो । हो, उदारीकरणलाई सही रूपमा उपयोग गर्न नसक्दा निजीकरणका केही तीता अनुभव नभएका होइनन् । तर, बजार अर्थतन्त्रकै बलमा अघि बढेको आजको औद्योगिक र व्यावसायिक गतिलाई अवमूल्यन गरेर र निजी क्षेत्रलाई होच्याएर आर्थिक विकास सम्भव हुँदैन । निजी क्षेत्रप्रति अनुदार शासकले चलाएको देश लगानीकर्ताको प्राथमिकतामा पर्दैनन् भन्नेमा स्पष्ट हुनु जरूरी छ ।

अर्को विरोधाभास के भने आफूलाई जनपक्षीय भन्नेहरूकै शासनकालमा देशमा आसेपासे पूँजीवाद सतहमैं छताछुल्ल पोखिएको छ । देश सङ्घीयतामा गइसकेपछिको पहिलो आवधिक चुनाव २०७४ यता सत्तामा वामपन्थीहरूकै हालीमुहाली बढी छ । यही समयमा सीमित व्यापारीहरूसँगको साँठगाँठमा राज्यको स्रोत दोहनका तारतम्य बढी देखिए । पहिले गुपचुपमा हुने यस्ता चलखेल अहिले खुलेआम हुन थाले । यतिसम्म कि, व्यापारी पोसेर लाभको दुनो सोझ्याउन कानूनदेखि भन्सार दरबन्दी र महसूल फर्नेसम्मका हर्कत भए । राज्य नियन्त्रित अर्थ व्यवस्था र समाजवादको कुरा गर्ने, तर वैयक्तिक लाभ लिएर केही व्यापारीलाई हालीमुहालीको चाँजोपाँजो मिलाइदिने निहितार्थलाई के भन्ने ? आसेपासेवादको यस्तो द्वैध चरित्र झन् घातक छ ।

दश वर्षसम्म सशस्त्र द्वन्द्व गरेर हजारौं मानिसको रगतको बलमा सत्तामा पुगेका वामपन्थीकै शासनमा देश भ्रष्टाचारमा चुर्लुम्म डुबेको छ । आज कमिशनतन्त्रले देशलाई यसरी गाँजेको छ, सत्तामा बस्नेलाई कमिशन नखुवाई पात पनि हल्लाउन सकिंदैन । शासन भनेको जनताको लागि सेवा, सुविधा, विधि र प्रक्रियाको प्रत्याभूति होइन, घूस र कमिशनको पर्याय बनेको छ । तर, सत्तासीनहरू भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको भाषण दिएर कहिल्यै थाक्दैनन् ।

यो तथ्यलाई भ्रष्टाचारविरुद्ध सक्रिय अन्तर्राष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेशनलको हालैको तथ्याङ्कले पुष्टि गरेको छ । भ्रष्टाचार अनुभूतिसूचक २०२३ ले हामीकहाँ सघन भ्रष्टाचार देखाएको छ । सरकारमा बस्नेहरूको आवरणमा सुशासन, चरित्रमा भ्रष्टाचारलाई भ्रष्टाचार सूचकले पुष्टि गरेको छ । नेपाल मा ३५ अङ्कसहित १०८ औ स्थानमा छ । ५० भन्दा कम अङ्कलाई सुशासनमा अति कमजोर सूचक मानिन्छ । बोली जनपक्षीय सदाचार तर आचरणमा भ्रष्टाचार लिएर बसेको शासक र कमिशनखोरीमा चुर्लुम्म डुबेको राज्य संयन्त्र भएको ठाउँमा स्वच्छ व्यवसाय गर्न चाहने कुनै लगानीकर्ता लगानी बोकेर आउँदैन । यस्तोमा आउने भनेका त शासकसँग सेटिङ मिलाएर राज्यको स्रोतमा लूट मचाउन मौका पर्खिरहेका दुई नम्बरी माफिया मात्र हुन्छन् । यो प्रवृत्तिको लगानीले अर्थतन्त्र र सामाजिक दिनचर्यालाई कदापि माथि उठाउन सक्दैन । त्यो सीमित स्वार्थी झुन्डमात्रै मालामाल हुने र आमजनता कङ्गाल हुने अहिलेकै प्रवृत्तिको पुनरावृत्ति मात्रै हुन्छ । यो प्रवृत्तिले अन्ततः राष्ट्रलाई नै असफल बनाइदिन्छ ।

विदेशी लगानी ल्याउन गरिएको यो तेस्रो प्रयास हुनेछ । पूरकको रूपमा पूर्वाधार सम्मेलन पनि भए । अघिल्ला दुईवटा सम्मेलनमा खबौं रुपियाँको प्रतिबद्धता आयो, तर लगानी अर्बमा सीमित भयो, किन ? लगानीकर्ताका लागि सरकारी प्रतिबद्धतामात्र पर्याप्त हुँदैन, कानूनी प्रत्याभूति चाहिन्छ । सरकारले यसमा लगानीकर्तालाई आश्वस्त पार्न सकेन । कानूनी पूर्वाधार नहुनु, भएका कानून समयसापेक्ष नहुनु, नयाँ बनाइएका अधिकांश कानूनमा सामान्य त्रुटिमै लगानीकर्तालाई जेल हाल्ने प्रावधान राखिनु र नीतिगत अस्थिरता लगानीका सन्दर्भमा सन्देहका विषय हुन् । यसलाई सम्मेलन अघि निकास दिने आधार देखिएको छैन । भारतले लगानी भित्र्याउन लगानीसँग सरोकार राख्ने कानूनका ६० हजार धारा र उपधारा निलम्बन गरेको समाचार सञ्चरमाध्यममा आएका छन् । के नेपालले कानूनी सुधारमा यो तहसम्मको उदारता देखाउन सक्छ ? कानूनी सुधार, उदारवादी बजार अर्थतन्त्रको प्रवर्द्धन र भ्रष्टाचारमुक्त शासन प्रशासन संयन्त्र र प्रक्रियाको प्रत्याभूति नभएसम्म लगानी आकर्षित गर्ने प्रयास अकाशको फलबाहेक अरू केही हुने छैन ।

# मधेसमा पानी सङ्कट गहिरिंदै छ, समयमैं व्यवस्थापनमा लागौं

जनकपुरधाम, २० माघ/रासस

वातावरण तथा पर्यावरणविद्हरूले मधेसमा पानी सङ्कट गहिरिंदै गएकोले समयमैं उचित व्यवस्थापनमा लाग्नुपर्ने आवश्यकता औंल्याएका छन् । समयमा कदम नचालेमा मधेसमा पानीको सङ्कट आउन सक्ने चेतावनी दिएका छन् ।

जनकपुरधाममा जारी जनकपुरधाम साहित्य, कला तथा नाट्य महोत्सवमा आज भएको "पानीबिना अकाल पडलै अकाले हो राम" शीर्षकको विमर्शमा उनीहरूले चुरेको अनियन्त्रित दोहन, अव्यवस्थित पूर्वाधार निर्माण र नागरिक सचेतनाको अभावमा मधेसले निकट भविष्यमा पानीको चरम सङ्कट आउनेतर्फ सचेत गराए ।

इन्जिनीयर अजय दीक्षितले मधेसजस्तो गङ्गा मैदानमैं पानीको सतह घट्नु वा पानीको स्रोत सुक्नु सामान्य नभएको भन्दै पानी पर्ने प्राकृतिक शैलीलाई विश्लेषण गरी व्यवस्थापनका लागि आवश्यक कदम चाल्नुपर्ने आवश्यकता औंल्याए । उनले विश्वभर पानीको सङ्कट गहिरिंदै गएको र त्यसको असर नेपाल तथा विशेषगरी मधेसले भोग्नुपर्ने अवस्था आउन लागेकोले पानी प्रयोग गर्ने व्यवहारमा समेत परिवर्तन ल्याउन जरूरी रहेको धारणा राखे ।

"पानी पर्ने प्राकृतिक शैलीमा बदलाव आएको छ, यो पहिले पनि हुन्थ्यो तर पछिल्लो समय मधेसमा त असारमा पनि पानी परेन । भूमिगत पानीका सतह निरन्तर घट्दो अवस्थामा छ । अर्कोतर्फ एउटा लोटाले दिनचर्या चल्ने हाम्रो परम्परागत बानीबेहोरामा समेत बदलाव आएको छ । बदलिंदो प्राकृतिक शैली र नागरिकको व्यवहार अनुसार अब पानीको व्यवस्थापन गर्न नलागेमा समस्या विकराल हुन सक्छ"–दीक्षितले भने ।

डा विजय शर्माले विभिन्न अध्ययनले भूमिगत पानीको माथिल्लो तहमा समस्या आए पनि तल्लो तह (डिपवाटर) मा धेरै समस्या नआइसकेकोले त्यसमा थप समस्या नआउँदै संरक्षण र व्यवस्थापनमा ध्यान दिनुपर्ने सुझाव दिए । उनले पानी व्यवस्थापनको जिम्मा पाएका सम्बद्ध निकायले तल्लो तहबाट पानी सङ्कलन र अन्य निकायले पानीभरण प्रणालीमा छेडखानी नहुनेगरी काम गर्नुपर्ने आवश्यकता औंल्याए ।

इन्जिनीयर रत्नेश्वरलाल कर्णले वीरगंज र धनुषाको हंसपुर नगरपालिकाका ९० प्रतिशतभन्दा बढी चापाकल तथा इनार सुकेको भन्दै यो समस्या समग्र मधेसले भोग्दै जाने बताए । उनले सतह पानीका स्रोत नदी सुक्दै गएका र भूमिगत पानीको तह पनि घट्दै जानुलाई सामान्यरूपमा नलिन सबैलाई आग्रह गरे ।

संरक्षण अभियानी एवं मधेस प्रदेशसभा सदस्य रामअषिश यादवले तराई मधेसमा राज्यको अव्यवस्थित विकास नीतिले नै पर्यावरण संरक्षणमा चुनौती थपिएको र त्यसैको असर पानीको स्रोतमा परेको धारणा राखे । उनले राजा महेन्द्रकै विकास नीति अनुसार चुरे पहाड, घनाजङ्गललाई छेडखानी गर्नेगरी बनेका पूर्वपश्चिम राजमार्ग, मध्यपहाडी लोकमार्ग, निजगढ विमानस्थलजस्ता संरचनाले पारिस्थितिक प्रणाली खलबलिएको र त्यसको सबैभन्दा बढी असर मधेसले भोग्न थालेको धारणा व्यक्त गरे ।

"छ हजारभन्दा बढी नदीनाला, चारवटा ठूला हिम नदी र विश्वको दोस्रो जलस्रोतको धनी भएर पनि नेपालमा पानीको अनिकाल हुँदैछ, यो चिन्ताको विषय हो"–यादवले भने–"त्यसैले अब विकास संरचना, पानीको प्रयोग र पुनःप्रयोगको व्यवस्थित पद्धति निर्माणको

(बाँकी तेस्रो पातामा)

**संशोधन**

हिजो माघ २० गते प्रकाशित कुमार रुपाखेतीको लेख 'भारतको पहिचान ताजमहल कि रामन्दिर' मा शाहजहाँकी बेगम 'मुमताज महल' हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# एक लाखभन्दा बढी गाजावासी हताहत : डब्लुएचओ

जेनेभा, २० माघ/सिन्ह्वा

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले गाजाको अवस्था बिग्रँदै जाँदा एक लाखभन्दा बढी गाजावासी हताहत (घाइते, बेपत्ता वा मृत्यु भएको) अनुमान गरेको छ।

यो सङ्ख्या गाजाको २३ लाख जनसङ्ख्याको ४.३ प्रतिशत हो । जेरूसेलमबाट भिडियो लिङ्कमार्फत संयुक्त राष्ट्रसङ्घको साप्ताहिक पत्रकार सम्मेलनमा बोल्दै विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का प्रतिनिधि रिचार्ड पिपरकोर्नले बाँकी जनसङ्ख्याले गम्भीर परिस्थितिको सामना गर्नुपरेको र सुरक्षा, खाना, स्वास्थ्य र न्यानोपनजस्ता आधारभूत आवश्यकता पूरा गर्न सङ्घर्ष गरिरहेको बताए ।

"मध्य गाजामा तनाव बढ्दै गएको छ, जसले विद्यमान स्वास्थ्य सुविधाहरूको पहुँचलाई थप कमजोर बनाएको छ"–उनले भने । बिरामी र स्वास्थ्यकर्मी दुवैका लागि अस्पतालहरूमा निरन्तर पहुँचको कमीप्रति गहिरो चिन्ता व्यक्त गर्दै पिपरकोर्नले गाजामा ३६ अस्पतालहरूमध्ये केवल १३ वटा मात्र आंशिकरूपमा सञ्चालनमा रहेका र ७३ प्राथमिक स्वास्थ्य केन्द्रहरूमध्ये १३ वटा मात्र सञ्चालनमा रहेको बताए ।

जारी द्वन्द्व र शत्रुताले स्वास्थ्य सेवालाई अस्तव्यस्त बनाएको छ। यसले युद्धसँग सम्बन्धित चोटपटक र दीर्घरोग दुवैको पर्याप्त उपचार प्रदान गर्न चुनौतीपूर्ण भएको छ ।

"अब कम्तिमा आठ हजार गाजावासीलाई उपचारका लागि रेफर गर्नुपर्ने भएको हामीले अनुमान गरेका छौं"–पिपरकोर्नले भने ।

तीमध्ये छ हजारजना युद्धमा घाइते हुनुका साथै यसमध्ये कैयौं गम्भीर घाइते रहेका छन् र उनीहरूमध्ये एउटा सानो अंशलाई मात्र दक्षिणी शहर राफामा सफलतापूर्वक स्थानान्तरण गरिएको उनले बताए ।

पिपरकोर्नले भने–"उत्तरी गाजामा प्रवेशमा कडा प्रतिबन्ध लगाइएको छ भने डब्ल्युएचओको यस क्षेत्रका स्वास्थ्य संस्थाहरूमा पुग्न गरिएका अनुरोधलाई लगातार अस्वीकार गरिएको छ ।"

उनले थपे–"गाजामा रहेका युरोपेली अस्पतालमा २२ हजार मानिसले आश्रय लिएका छन् भने त्यहाँ पनि स्वास्थ्य सामग्रीहरू अपर्याप्त भएका छन्। रोगहरू फैलिने खतरा बढिरहेको छ ।"

स्वास्थ्यकर्मीहरूले बिरामी र उनीहरूका आफ्नै परिवारको हेरचाहमा सन्तुलन कायम गर्न अथाह चुनौतीको सामना गरिरहेका छन् । कतिपय स्वास्थ्यकर्मीले तीन महीनादेखि लगातार काम गरिरहेका छन् । खान युनिस शहरको अल नासिर अस्पताल एउटा मात्र एम्बुलेन्समा सीमित बनेको छ र बिरामीहरूलाई गाडामा बोक्नुपर्ने बाध्यता रहेको छ ।

खान युनिसमा रहेका ४०० बिरामी हेर्न विशेषज्ञको अभावका कारण अस्पतालको पर्याप्त हेरचाह गर्ने क्षमता जोखिममा परेको छ ।

गम्भीर स्वास्थ्य समस्याहरू मानवीय सङ्कट स्वास्थ्य सेवाको पहुँचभन्दा बाहिर गएको छ । खाद्य असुरक्षा र पानी प्रदूषणले सङ्क्रामक रोगहरूको फैलावटको लागि उर्वर भूमि सिर्जना गरेको छ ।

गाजास्थित डब्लुएचओका प्रतिनिधिले चिन्ताजनक तथ्याङ्कहरू उद्धृत गर्दै भनेका छन्–"दुई लाख ४५ हजारभन्दा बढी श्वासप्रश्वाससम्बन्धी सङ्क्रमणका घटनाहरू, पाँच वर्षमुनिका बालबालिकाहरूमा पखालाका एक लाख ६० घटनाहरू, र लगभग ७० हजार छाला र अन्य समस्या रहेको देखिएको छ ।"

गाजामा सीमित खाद्यान्न वितरणका कारण कुपोषण एउटा महत्त्वपूर्ण चिन्ताको विषय बनेको छ ।

पिपरकोर्नले ३४२ आक्रमणमा ६२७ जनाको मृत्यु भएको र ७८३ जना घाइते भएका छन् । हाल ६१ जना स्वास्थ्यकर्मीलाई हिरासतमा लिइएको छ, जसले पहिलेदेखि नै समस्याग्रस्त स्वास्थ्य सेवा प्रणालीलाई थप जटिल बनाएको छ।

डब्लुएचओ गाजास्थित उपशाखाका प्रमुख अहमद दाहिरले खाना र सुरक्षाको खोजीमा हजारौं मानिस राफातर्फ पलायन भइरहेका र खानाको अभावका कारण धेरै दुब्लो र कमजोर देखिएको बताए। बिरामी र घाइतेहरूले पर्याप्त स्वास्थ्य सेवा पाउन सङ्घर्ष गरिरहेका छन् तर वरिपरिको तनावले प्रमुख चिकित्सा सुविधा, बिरामी र स्वास्थ्य सेवा प्रदायकहरूको पहुँचमा बाधा पुर्‍याएको उनले बताए । रासस




गाईको गोबरबाट बनेका मूर्तिको प्रदर्शन गर्दै ठाकुरः जनकपुरधाममा जारी जनकपुरधाम साहित्य, कला तथा नाट्य महोत्सवमा गाईको गोबरबाट बनेका मूर्तिहरूको प्रदर्शन गर्दै स्थानीय अमरेन्द्रकुमार ठाकुर। कृषि मुख्य पेशा भएको बताउने ठाकुर फुर्सदको सदुपयोग गर्दै गोबरबाट मूर्ति बनाएर बेचबिखन गर्दै आएका छन्। तस्वीर : टीकाराम सुनार/रासस

# शनिवार रातिबाटै मौसममा पुन बदली

काठमाडौं, २० माघ/रासस

दुई दिन खुलेको मौसम आज रातिदेखि पुनः बदली हुने भएको छ । भोलि बिहानैदेखि देशभर साधारणतया बदली रहने जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

कर्णाली र सुदूरपश्चिम प्रदेशका धेरै स्थान, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा हल्का वर्षा, बागमती प्रदेशका थोरै स्थान तथा बाँकी पहाडी भूभागको एक–दुई स्थानमा छिटपुटदेखि हल्का वर्षाको सम्भावना रहेको महाशाखाका मौसमविद् रोजन लामिछानेले जानकारी दिए ।

उनले पश्चिमी वायुको प्रभावले अहिले सुदूरपश्चिमबाट बादल प्रवेश गरिसकेको जानकारी गराउँदै अब रातिदेखि बदली हुने बताए । यस अघि शुक्रवार अघि बदली रहेको मौसम आज शनिवार खुलेको थियो । उनका अनुसार गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशको उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानका साथै बाँकी उच्च पहाडी तथा हिमाली भूभागका थोरै स्थानमा हल्कादेखि मध्यम हिमपातको सम्भावना छ ।

आइतवार राति देशभर आंशिकदेखि साधारणतया बदली कायम नै रहने छ । सुदूरपश्चिम र कर्णाली प्रदेशका केही स्थान, लुम्बिनी र गण्डकी प्रदेशका थोरै स्थान तथा बाँकी पहाडी भूभागको एक–दुई स्थानमा छिटपुटदेखि हल्का वर्षाको सम्भावना रहेको छ। देशका उच्च पहाडी तथा हिमाली भूभागका थोरै स्थानमा हल्का हिमपातको सम्भावना छ ।

सोमवारदेखि भने मौसम क्रमशः खुल्ने लामिछानेले बताए । सोमवार कोशी प्रदेशलगायत देशको बाँकी पहाडी भूभागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भूभागमा आंशिकदेखि मौसम मुख्यतया सफा रहने छ ।

कोशी, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी भूभागका थोरै स्थान साथै बाँकी पहाडी भूभागको एक–दुई स्थानमा छिटपुटदेखि हल्का वर्षाको सम्भावना छ । कोशी, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशको उच्च पहाडी तथा हिमाली भूभागका थोरै स्थानमा हल्का हिमपातको सम्भावना रहेको जनाइएको छ ।

# सन् २०२३ मा सुनको विश्वव्यापी माग उच्च विन्दुमा

बेइजिङ, २० माघ/सिन्ह्वा

सन् २०२३ मा ओभर–द–काउन्टर र स्टक फलोसहित विश्वव्यापी सुनको कुल माग गत वर्ष चार हजार ८९९ टन रहेको छ ।

वर्ल्ड गोल्ड काउन्सिलले सार्वजनिक गरेको प्रतिवेदन अनुसार सन् २०२३ मा केन्द्रीय बैंकहरूको माग एक हजार ३७ टन पुगेको छ, जुन इतिहासकै दोस्रो उच्च हो ।

विश्वव्यापी सुनजन्य सामान विनिमय व्यापार कोष (इटीएफ)ले सुनको मागमा लगातार वृद्धि भइरहेको अवस्थामा यसको कारोबारमा पनि वृद्धि देखिएको हो ।

सन् २०२३ मा सुनको विनिमयमा २४४ टन बढी रेकर्ड भएको उल्लेख छ। यसको विपरीत, चिनियाँ बजारमा गत वर्ष १० टन सुनको इटिएफको प्रवाह देखिएको थियो, जसले २०२३ को अन्त्यसम्म सुनको इटिएफको कुल नियन्त्रण ६१.५ टनमा ल्याएको थियो ।

सुनको बार र सिक्काको विश्वव्यापी माग वार्षिकरूपमा तीन प्रतिशतले घटेको छ भने गहनाको खपतको माग दुई हजार ९३ टन पुगेको छ । चीनको आर्थिक सुधारले विश्व बजारमा सुनका गहनाको माग बढाएको छ ।

चीनको आर्थिक सुधारले सुनका गहनाहरूको मागलाई बढावा दिएको छ, र देश विश्वव्यापी सुनका गहना बजारको लागि एक महत्त्वपूर्ण आकर्षण बनेको छ– रिपोर्टमा भनिएको छ ।

गत वर्ष विश्वमा सुनको आपूर्ति तीन प्रतिशतले बढेको थियो । सन् २०२३ मा सुनखानीको उत्पादन एक प्रतिशतले वृद्धि भई तीन हजार ६४४ टन पुगेको प्रतिवेदनमा उल्लेख छ । रासस

# जङ्गलमा लागेको डढेलोमा दशजनाको मृत्यु

सान्टियागो (चिली), २० माघ/एएफपी

चिलीको मध्य भाल्पाराइसो क्षेत्रको जङ्गलमा लागेको डढेलोका कारण कम्तीमा १० जनाको मृत्यु भएपछि शुक्रवार उक्त क्षेत्रमा आपतकालीन अवस्थाको घोषणा गरिएको छ ।

चिलीका अधिकारीहरूले 'प्रारम्भिक' मृत्यु सङ्ख्या १० जनाभन्दा बढी भएको हुन सक्ने बताएपछि राष्ट्रपति गेब्रियल बोरिकले डढेलो नियन्त्रणका लागि आवश्यक सबै स्रोत साधन उपलब्ध गराउन "विपत्तिका कारण आपतकालीन अवस्था घोषणा" गर्ने घोषणा गरेका छन् ।

भिना डेल मार र भाल्पाराइसो पर्यटकीय क्षेत्रमा डढेलो लागेको छ ।

चिलीको राष्ट्रिय वन प्राधिकरण कोनाफका अनुसार भाल्पाराइसोमा मात्रै करीब ४८० हेक्टर जमीन डढेलोले जलाइसकेको छ ।

एल निनो मौसमी घटनाका कारण दक्षिण अमेरिकाको दक्षिणी भागलाई प्रभावित गर्ने ग्रीष्मकालीन गर्मी र खडेरीका कारण डढेलो लागेको हो । वैज्ञानिकहरूले तीव्र गर्मी र डढेलोजस्ता प्राकृतिक प्रकोपको जोखिम बढेको भन्दै सावधान हुन जानकारी गराएका छन् ।

चिली र कोलम्बियाले बढ्दो तापक्रमसँग जुधिरहँदा आगामी दिनमा अर्जेन्टिना, पाराग्वे र ब्रजीलमा पनि गर्मी बढ्ने बताएका छन् । रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – रोगभय | वृष – यात्रालाभ |
| मिथुन – कडाश्रम | कर्कट – चोरभय |
| सिंह – उदरपीडा | कन्या – विजय |
| तुला – धनखति | वृश्चिक – भाग्योदय |
| धनु – बेचैनी | मकर – मनोरञ्जन |
| कुम्भ – कर्मप्राप्ति | मीन – ईश्वरभक्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# सरकारी सवारीसाधनको दुरुपयोग रोक्न प्रदेश सांसद सडकमा

सप्तरी, २० माघ/रासस

सार्वजनिक बिदाका दिन सरकारी सवारीसाधनको दुरुपयोग बढेको भन्दै आज सप्तरीमा मधेस प्रदेशसभा सदस्य सडकमा उत्रेका छन् ।

सप्तरीको कल्याणपुरस्थित पूर्व–पश्चिम राजमार्गमा आयोजित एक कार्यक्रममा मधेस प्रदेशसभा सदस्य माला कर्ण सडकमैं उत्रेर सवारी साधन राकेकी हुन् । सार्वजनिक बिदामा विनापासका सवारीसाधन चलाउनेविरुद्ध नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान शाखा सप्तरीले गरेको सडक कार्यक्रममा उनी सहभागी भइन् ।

प्रतिष्ठानका शाखा सचिवसमेत रहेकी सांसद कर्णले भनिन्–"सरकारी सम्पत्ति सरकारी कामका लागि मात्र उपयोग हुनुपर्छ, बिदाका दिन सरकारी सवारी दुरुपयोग गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न जरूरी छ ।" बिदाका दिन सरकारी सवारी रोक्न सके पनि धेरै फजुल खर्च कम गर्न सकिने उनले बताइन् ।

प्रतिष्ठानले आज दिउँसो तीन घण्टा सरकारी नम्बरको सवारी रोक्दै सार्वजनिक बिदाका दिन विनाअनुमति सवारी नचलाउन आग्रह गरेको छ । बिदाका दिन सरकारी सवारी लिएर डुल्न जाने, सामान किनमेल गरी ओसार्न प्रयोग गर्ने र व्यक्तिगत काममा प्रयोग गर्ने प्रवृत्ति निरुत्साहित गर्न सडक कार्यक्रम गरिएको प्रतिष्ठानका सप्तरी अध्यक्ष ध्रुवकुमार मण्डलले बताए । दुरुपयोग रोक्नु नागरिकको दायित्व भएकोले यो कदम चालिएको अध्यक्ष मण्डलको भनाइ छ ।

प्रतिष्ठानले यही माघ ४ गते सप्तरीका प्रमुख जिल्ला अधिकारीमार्फत बिदामा सरकारी साधनको दुरुपयोग रोकी कानून कार्यान्वयन गर्न माग गर्दै ज्ञापनपत्र बुझाएको थियो ।

कार्यक्रममा खडक नगरपालिका–६ का वडाध्यक्ष कमालउद्दिन मियाँ, वडा सदस्य तुला चौधरी, काजल पासमान, प्रतिष्ठानका सदस्य देवनारायण प्रमाणी, सदस्य निभाकुमारी चौधरी, कृतिककुमार कर्ण (रौनक)लगायतको सहभागिता रहेको थियो ।

### ठोरीलाई........

काङ्ग्रेस महामन्त्री थापाले दिएका थिए । उक्त कार्यक्रममा नेपाली काङ्ग्रेसका सहमहामन्त्रीद्वय बद्री पाण्डे, जीवनबहादुर शाही, केन्द्रीय सदस्यहरू किरण पाण्डे, प्रतिमा गौतम, नेपाली काङ्ग्रेस पर्साका सभापति जनार्दन सिंह क्षत्री, मधेस प्रदेशका काङ्ग्रेस महामन्त्री वृहस्पतिकृष्ण श्रेष्ठलगायत प्रतिनिधिसभा सदस्यहरू, राष्ट्रियसभा सदस्यहरू र विभिन्न प्रदेशका माननीयहरू, विभिन्न पालिकाका मेयर उपमेयर, अध्यक्ष, उपाध्यक्ष तथा काङ्ग्रेसका भ्रातृ संस्थाका नेता, शुभेच्छुक संस्थाका प्रतिनिधि एवं नेपाली काङ्ग्रेसका नेता कार्यकर्ताहरूको बाक्लो उपस्थिति थियो ।

नेपाली काङ्ग्रेस मधेस प्रदेशका महामन्त्री वृहस्पतिकृष्ण श्रेष्ठले स्वागत मन्तव्य राखेको उक्त कार्यक्रमको सहजीकरण महाधिवेशन प्रतिनिधि प्रकाश खनालले गरेका थिए। कोशी प्रदेशको मेची पुलबाट प्रारम्भ भएको काङ्ग्रेसको संवाद यात्रा आज ठोरीमा सम्पन्न भएसँगै मधेस प्रदेशबाट आजै साँझ चितवनको माडी पुग्नेछ । आज पर्साका पार्टी सभापति जनार्दन सिंह क्षत्रीले काङ्ग्रेसको संवाद यात्रा टोलीलाई चितवन जिल्लाका पार्टी सभापति राजेश्वर खनाललाई हस्तान्तरण गर्दै शुभकामना दिए ।

### मधेसमा....

खाँचो छ । यसतर्फ लाग्नु सबैको दायित्व हो ।"

चुरे संरक्षणकर्मी नागदेव यादवले चुरे, महाभारत र हिमालय शृङ्खलाको संवेदनशील सम्बन्धलाई ख्याल गर्न सरोकारवालालाई आग्रह गरे । चुरेको छेडखानीले महाभारत र महाभारतको छेडखानीले हिमालयसमेत सङ्कटमा पर्ने भन्दै यादवले यी सबैको आधारविन्दुका रूपमा रहेको चुरेलाई संरक्षण गर्न सके मात्रै पर्वत शृङ्खलाको रक्षा र मधेसमा पानीको अभावपूर्ति गर्न सकिने बताए ।

वातावरण संरक्षणकर्मी शालिनी साह र सुरेश शर्माले एउटा व्यक्तिलाई दिनमा ७० लिटर जति पानी आवश्यक पर्ने समयमा मधेसमा एक–एक थोपा पानीका लागि भौंतारिनुपर्ने अवस्था आउनु दुःखद भएको र त्यसको सबैभन्दा बढी असर महिला, बालबालिकाले भोग्नुपर्ने भन्दै चिन्ता व्यक्त गरे ।

सो सत्रका सञ्चालक पत्रकार अनिल कर्णले गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादवले चुरे संरक्षण गर्न नसकेमा मधेस मरुभूमि बन्ने र भावी पुस्तालाई आफ्नो अस्तित्व जोगाउनसमेत समस्या हुनेतर्फ चेतावनी दिँदै आएका विषयमा सरोकारवालालाई गम्भीरतापूर्वक सोच्न आग्रह गरेका थिए ।




# देश बनाउन सबैले इमानदारिता देखाउनुपर्छ–महामन्त्री थापा

प्रस, वीरगंज, २० माघ/

नेपाली काङ्ग्रेसका महामन्त्री एवं सांसद गगन थापाले सबैजनाले आफ्नो जिम्मेवारी इमानदारिताका साथ गर्ने हो भने मात्र देश सुधार उन्मुख हुने बताएका छन् ।



तस्वीरः प्रतीक

वीरगंजबाट प्रकाशित अङ्कुश दैनिकको रजत महोत्सव समारोह कार्यक्रममा बोल्दै उनले एकले अर्कालाई आरोप लगाउने, जिम्मेवारीका कुरा पूरा नगर्ने प्रवृत्ति बढेर देशमा विकृति मौलाएको बताए। व्यापारीले नेता चोर, कर्मचारीले व्यापारी चोर, नेताले कर्मचारी चोरजस्ता आरोप–प्रत्यारोपले गर्दा आम मानिसको बुझाइमा सबै चोर भन्ने भान पर्न गएको भन्दै सबै पेशामा लागेकाहरू आफ्नो पेशाप्रति वफादार नभएको परिणाम पत्रकारिता जगतले पनि आरोप बेहोर्नुपरेको बताए । उनले कुनै पनि दल विशेषमा लाग्दैमा ऊ खराब हुने होइन । दलमा बसेर पनि राम्रा कामहरू गर्न सकिन्छ। यो कुरा अहिले आफूले झापाबाट शुरू गरेको 'समुदायमा जाऔं, नागरिकका कुरा सुनौं' भन्ने अभियानको क्रममा बुझेको बताए। उनले नेपाली काङ्ग्रेसमा लागेका थुप्रै मानिस विभिन्न पेशामा लागेर राम्रा काम गर्दै आएका छन् । कोही किसानको रूपमा, कोही कर्मचारी, व्यवसायी आदि इत्यादि भएर राम्रा काम गरेका तर उनीहरू पार्टी विशेषका कारण ओझेलमा परेको बताए ।

महामन्त्री थापाले पत्रकारितामा अहिले समस्या आएको तर त्यो समस्याको समाधान नै नभएको होइन । प्रिन्ट लाइनका पत्रिकाहरूको अवसर छैन भन्नु गलत भएको भन्दै उनले विद्युतीय माध्यमका अनलाइनहरूबाट हेडलाइन आकर्षक गर्ने र पाठकलाई झुक्याउने काम भइरहेको बताए । विद्युतीय माध्यमबाट सञ्चालित सञ्चारमाध्यमहरूले पाठकले हेडलाइन मात्र पढ्ने सोच विकसित गरेर आकर्षक हेडलाइन दिने होडबाजीमा रहेको भन्दै प्रिन्टलाइनका सञ्चारमाध्यमहरूले जनउपयोगी समाचारहरूलाई प्राथमिकता दिने हो भने वर्तमान र भविष्य दुवै राम्रो भएको चर्चा गरे ।

उनले गठबन्धनमा सल्लाह गरेर बसेको र यसको जसअपजसको भागिदारी नेकाले पनि लिन तयार भएको बताए। सर्वत्र बिगारको कुरा गरिँदै आएको भन्दै उनले बिग्रेको कुरालाई सुधार गर्ने जिम्मेवारी पनि काङ्ग्रेसले लिने बताए। गर्छौं र हुन्छ भन्ने हेक्काका साथ काङ्ग्रेस अगाडी बढ्ने र त्यसका लागि ०८४ नकुर्ने बताए । महामन्त्री थापाले देशमा भएको संविधान, कानूनको पालना सही रूपमा नभएको कारण मानिसमा सानालाई ऐन, ठूलालाई चैन पर्न गएको हुँदा कानून सबैका लागि बराबर हो भन्ने सन्देश सरकारले दिन सक्नुपर्ने बताए । विभिन्न राजनीतिक दलको आडमा अपराध लुकाउन नहुने उनको तर्क थियो।

जसपाका प्रमुख सचेतक एवं सांसद प्रदीप यादवले पत्रकारितामा विकृति मौलाएको र पत्रकारहरू स्वतन्त्र नरहेको आरोप लगाए। उनले आफ्नो पार्टीसँग आबद्ध पत्रकार सङ्गठन भए पनि पत्रकारहरू पार्टी विशेषको सदस्य भएको कारण सही समाचार बाहिर आउन नसकेको बताए। अहिले प्राय : पत्रकारहरू निर्देशित भएका र दबाब अनि आग्रहमा परेर समाचार प्रकाशित गरिरहेको आरोप लगाए। उनले पत्रकारिता स्वतन्त्र हुनुपर्ने र यसैबाट पत्रकारहरूको मान बढ्ने तर्क गरे। अहिले विद्युतीय समाचार माध्यमहरूका कारण छापा माध्यमको पत्रकारिता सङ्कटमा परेको उनले बताए।

अङ्कुश दैनिकका प्रधानसम्पादक दीपेन्द्र चौहानको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली काङ्ग्रेसका सांसद अजय चौरसिया, केन्द्रीय सदस्य अजयबाबू शिवाकोटी, नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष हरिहर विरही, पत्रकार कबीर राणालगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा नेपाल पत्रकार महासङ्घका सदस्य केसी लामिछानेले स्वागत र पत्रकार माधुरी महतोले सहजीकरण गरेकी थिइन्।

# खेलकूदको संसार

## अन्तरस्कूल क्रिकेट प्रतियोगिताको उपाधि मनकामनाले जित्यो

प्रस, परवानीपुर, २० माघ/

प्याब्सन वीरगंज–पर्साको आयोजनामा वीरगंजमा अन्तरस्कूल टि–२० क्रिकेट प्रतियोगिता सम्पन्न भएको छ। माघ २० गतेदेखि शुरू भएको प्रतियोगिता शनिवारसम्म चलेको हो। प्रतियोगिताको उपाधि मनकामना माविं वीरगंजले जितेको छ।




तस्वीरः प्रतीक

आदर्शनगर खेल मैदानमा सम्पन्न शनिवारको फाइनल खेलमा एमइएस माविलाई २४ रनले पराजित गर्दै मनकामना माविले उपाधि उचालेको हो। टस जिती पहिले ब्याटिङ रोजेको मनकामना माविले निर्धारित २० ओभरमा १० विकेटको क्षतिमा कुल १५३ रन बनायो। १५४ रनको विजयी लक्ष्य लिएर मैदानमा उत्रेको एमइएसले १८ ओभर १ बल खेल्दै सबै विकेट गुमाउँदै कुल १२९ रन मात्रै बनाउन सक्यो। उक्त खेलको उत्कृष्ट खेलाडी मनकामनाका तर्फबाट ७२ रनको योगदान गर्ने सनी कुशवाहा घोषित भए। त्यसैगरी प्रतियोगिताको उत्कृष्ट खेलाडी मनकामनाका बलर रबिन कुमाल घोषित भए। प्रतियोगिताको तेस्रो स्थानको लागि आजै भएको खेलमा गौतम माविलाई पराजित गर्दै साउथ जोन मावि विजयी भयो। विजेता र उपविजेता टिमलाई वीरगंज महानगर शैक्षिक प्रशासन महाशाखा प्रमुख अरविन्दलाल कर्णले पुरस्कार तथा ट्रफी प्रदान गरेका थिए। प्रतियोगितामा प्याब्सनसँग आबद्ध सनलाइट, मस्कट, ज्ञानज्योति, बिकन, ओम इन्टरनेशनल, सेन्ट जेभियर्स, माउन्ट एडमन्ड, गोल्डेन फ्युचरलगायत ३० वटा विद्यालयको सहभागिता थियो।

## प्रधानमन्त्री कप क्रिकेटको उपाधि नेपाल पुलिस क्लबलाई

काठमाडौं, २० माघ/रासस

प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि नेपाल पुलिस क्लबले जितेको छ। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको फाइनलमा पुलिसले अर्को विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई ६ विकेटले पराजित गर्‍यो।

उपाधि जितेको पुलिसले रु १० लाख प्राप्त गर्‍यो भने उपविजेता आर्मीले रु पाँच लाख प्राप्त गर्‍यो।

आर्मीले दिएको १८२ रनको सामान्य लक्ष्य पुलिसले ३५.५ ओभरमा चार विकेटको क्षतिमा पूरा गर्‍यो। पुलिसका लागि शङ्कर रानाले ४३ बलमा पाँच चौका र छ छक्काको मदतमा ६२ रन बनाए। यस्तै आरिफ शेखले २७, अमित श्रेष्ठले २८ र कुशल भुर्तेलले १४ रन बनाए।

आर्मीका लागि जितेन्द्र मुखिया, कुशल मल्ल, शहाब आलम र वशीर अहमदले समान एक/एक विकेट लिए।

टस हारेर पहिले ब्याटिङको निम्तो पाएको आर्मीले ४९.५ ओभरमा सबै विकेट गुमाउँदै १८१ रनको योगफल बनाएको थियो। उसका लागि विवेक यादवले ८१ बलमा सात चौका र एक छक्काको मदतले ६३ रन बनाए। यसैगरी सोमपाल कामीले ३९, इमरान शेखले २८, कुशल मल्लले १७ तथा जितेन्द्र मुखियाले अविजित १६ रन बनाए।

पुलिसका लागि दीपेन्द्रसिंह ऐरी र ललितनारायण राजवंशीले समान तीन/तीन विकेट लिए भने सागर ढकाल, कुशल भुर्तेल र करण केसीले समान एक/एक विकेट लिए।

# पटेलनगरमा कहरथुवा बाबाको बिटोर

प्रस,परवानीपुर,२० माघ/

वीरगंज–२१ पटेलनगरमा कहरथुवा बाबाहरूको तीर्थयात्राको क्रममा बिटोर आयोजना गरिएको छ। स्थानीय भोज साह कलवारको सक्रियतामा बिटोर आयोजना भएको जनाइएको छ । बिटोरको अवसरमा आज गाउँमा २४ घण्टे अष्टयाम पूजा पनि आयोजना गरिएको छ । बिटोरमा रहरियाडिह कफिलाका सयौ बाबाहरू काँवरसहित सहभागी भएका छन्। हरेक वर्ष मध्य तराईका जिल्लाबाट विभिन्न काफिलाबाट नेपाल र भारतको पवित्र नदीबाट जल भरेर बिहारको अरेराजस्थित शिव मन्दिर र नेपालको रामभौरीभाथा र बाराको सहजनाथ शिव मन्दिरलगायतमा जलाभिषेक गर्ने परम्परा रहेको छ।



तस्वीरः प्रतीक




# जिल्ला उचाङ्गल मावि हाजिरीजवाफमा अब्बल

प्रस, परवानीपुर, २० माघ/

पर्साको ग्रामीण भेगका सरकारी विद्यालयहरूमध्ये जिल्ला उचाङ्गल रामदेव प्रसाद कलवार मावि पोखरिया हाजिरी जवाफ प्रतियोगितामा अब्बल देखिएको छ। प्रभा स्टडी एन्ड इजुकेशन रिसर्च सेन्टर वीरगंजको आयोजना र श्री अजीज मियाँ मावि धोबिनीको सहयोगमा आयोजित ग्रामीण भेगको विद्यालयस्तरीय हाजिरी जवाफ प्रतियोगितामा पोखरिया माविले प्रथम स्थान ल्याएको छ।

अजीज मियाँ मावि परिसरमा शनिवार आयोजना भएको सो प्रतियोगितामा कालीप्रसाद लाखे मावि लंगडी दोस्रो र अजीज मियाँ मावि धोबिनी तेस्रो भएका छन् । १६ वटा विद्यालयलाई तीन चरण गर्दै कुल १२० प्रश्न सोधिएको थियो । प्रथम स्थान ल्याएको पोखरिया माविले नगद रु सात



तस्वीरः प्रतीक

हजार, दोस्रो लंगडी माविले रु ३ हजार र तेस्रो अजीज मियाँ मावि धोबिनीले रु २ हजार नगदसहित प्रमाणपत्र प्राप्त गरे। प्रतियोगितामा कन्या ा मावि बिरञ्चीबर्वा, नेरामावि सुगौली, मङ्गल मावि भिस्वा, नेरामावि सेढवा, नेरामावि मसिहानी, देवनन्दन देवराज मावि रामनगरी, बितोमहतो मावि नौकाटोला, नेरामावि भिखमपुर, झौवा मावि, महुवन मावि,कटकुहिया बसनपुर मावि, देउरबाना मावि, भेडिहारी माविका छात्रछात्राहरूको सहभागिता थियो। हरेक विद्यालयबाट दुई विद्यार्थी र एकजना शिक्षक सहभागी रहेका अजीज मियाँ मावि धोबिनीका प्रअ जितेन्द्र रामले बताए।

# भौतिकवादी समाजको माडीमा भेला



तस्वीरः प्रतीक

प्रस, वीरगंज, २० माघ/

भौतिकवादी समाज नेपालको शनिवार चितवनको माडीमा नगर भेला सम्पन्न भएको छ।

समाजका केन्द्रीय अध्यक्ष वैद्यनाथ श्रमजीवीले संसारमा दिन प्रतिदिन आधुनिक शिक्षाको प्रभाव बढ्दै गएपछि विज्ञान प्रविधिलेले बढाएको ज्ञानको आलोकमा अन्धविश्वास र रूढिवाद हट्दै गएको बताए । उनले यतिबेला संसार भर कुनै पनि धर्म नमान्ने मानिसहरूको सङ्ख्या १५.६ प्रतिशत रहेको दाबी गरे।

समाजका जिल्ला अध्यक्ष ओमनाथ पाण्डेको अध्यक्षता भएको भेलामा सन्देश पौडेल, लक्षु विश्वकर्मा, सन्त महतो, टुकनारायण पौडेल, ऋषिराम काफ्ले, नारदमणि पौडेल, गोविन्द विश्वकर्मा लगायतले भौतिकवादी विचार र आजको समाजबारे मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा राजु पौडेलले स्वागत र सहजीकरण गरेका थिए । भेलाले टुकनारायण पौडेलको अध्यक्षतामा ११ सदस्यीय नगर समिति माडी भौतिकवादी समाज नेपाल गठन गरेको छ।

**धूमपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं**

- धूमपान र मद्यपानले जाडो घट्ने वा हट्ने होइन ।
- यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले त्याग्ने प्रण गरौं ।
- यसले तपाईं र तपाईंको परिवारलाई असर पुर्‍याउँछ ।

त्यसैले,

**धूमपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड